# नारायणी डेभलपमेण्ट बैंक लिमिटेड

## शाखा कार्यालय यज्ञपुरी चितवनका

## तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/१०/३० गते बुधबार आर्थिक दैनिक पत्रिकामा)**

यस बैंकका शाखा कार्यालयका तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौट नगर्नु भएकोले यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौट गर्न गराउन हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ताफछ्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय यज्ञपुरी, चितवनमा दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/१२/१३ गते बुधबार सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको केन्द्रिय कार्यालय, रत्ननगर-०१, चितवनमा दिनको ठीक ४:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः**

**१. ऋणी :** चितवन जिल्ला शिवनगर उ.म.न.पा/गा.वि.स वडा नं.०९ स्थायी ठेगाना भई हाल भरतपुर महानगरपालिका वडा नं.१४ बस्ने श्री सनमान आले मगरको नाति श्री पदम बहादुर आले मगरको छोरा बर्ष ५२ को श्री **यम बहादुर आले मगर** (ना.प्र.न ३५/२०७२ जि.प्र.का चितवन बाट मिति २०४७/०७/२० मा जारी)।

**व्यक्तिगत जमानतकर्ता**

**नाम : प्रविन आले मगर**
(ना.प्र.नं. ३५१०२२/८३०, जारी मितिः२०६८/११/३०, जि.प्र.का. चितवन)
स्थाई ठेगाना : चितवन जिल्ला, शिवनगर गा.वि.स वडा नं.०९
हालको ठेगानाः चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं.१४
बाबुः यम बहादुर आले मगर
बाजेः पदम बहादुर आले मगर

**व्यक्तिगत/धनजमानतकर्ता**

**नाम : समसेरी आले मगर**
(ना.प्र.नं.२३५३/०३५ जारी मितिः २०५०/०२/१८, जि.प्र.का. चितवन)
स्थाई ठेगाना : चितवन जिल्ला, शिवनगर गा.वि.स वडा नं.०७
हालको ठेगानाः चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं.१४
श्रीमानः पदम बहादुर आले मगर
ससुरा : सनमान आले मगर

**व्यक्तिगत जमानतकर्ता**

**नाम : चामली आले मगर**
(ना.प्र.नं.३५-०१-७५-००१९८, जारी मितिः २०७५/०१/०७, जि.प्र.का.चितवन)
स्थाई ठेगाना : चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं.१४
हालको ठेगानाः चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं.१४
श्रीमान : प्रविन आले मगर
ससुरा : यम बहादुर आले मगर

**ख. लिलाम बिक्रीहुने सम्पत्तिको विवरणः**

**१.** श्री सनमान आले मगरको बुहारी श्री पदम बहादुर आले मगरको श्रीमती चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १४ बस्ने वर्ष ७९ को श्री **समसेरी आले मगर**को नाममा मालपोत कार्यालय भरतपुर मा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, शिवनगर वडा नं.०९ हाल भरतपुर म.न.पा वडा नं.१४ स्थित नक्सा सिट ९, कित्ता नं.१६१४ क्षे.फ. ३२१.७४ व.मी. को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय टाँडी, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय यज्ञपुरीबाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखिल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, टाँडी, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय यज्ञपुरीमा सम्पर्क राख्न सकिनेछ ।

**नारायणी डेभलपमेन्ट बैंक लि.**
**Narayani Development Bank Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Ratnanagar-1, Chitwan, Nepal
Tel.: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np